# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको ६० औं बैठकका निर्णयहरू

## (२०७८ मङ्सिर २९ गते)

१. आगामी दसौं नगरसभा मिति २०७८।९।८ गते दिउँसो १ बजे भरतपुर महानगरपालिका वडा नं. २, क्षेत्रपुरस्थित दियालो फुडल्याण्डमा सञ्चालन गर्ने निर्णय सर्वसम्मतबाट गरियो।

२. भरतपुर महानगरपालिका वडा नं. २४ मा अवस्थित ध्रुव ल्याण्डफिल्ड साइटमा २०७८ साउनदेखि दैनिक ग्राभेल आपूर्ति तथा ग्याभियन जाली सहितको कार्यप्रगति समेतको जम्मा विल रु. ९७ लाख रहेकोले सोको भुक्तानी गर्ने निर्णय सम्मतले गरियो ।

३. महानगरपालिकाको फोहोर ब्यवस्थापनको जिम्मेवारी प्राप्त गरेका वातावारण सुन्दर नेपाल र Waste Management Group लाई ठेक्का संझौतामा उल्लेख भएभन्दा बढी दुरीमा फोहोर लैजानुपर्ने भएकोले गत कार्तिक १५ सम्म थप इन्धन सुविधा उपलब्ध गराउने गरी २०७८ भाद्र ३१ को नगरकार्यपालिका बैठकबाट निर्णय भएकोमा वडा नं ३ मा फोहर ब्यवस्थापनको काम हुन नसकेकोले भाद्र ३१ मा कार्यपालिकाले गरेको निर्णयमा उल्लेखित दरमा मंसीर मसान्तसम्मको इन्धन बापतको रकम उक्त दुइवटा कंम्पनीहरुलाइ भुक्तानी दिने र आगामी नगरसभाबाट अनुमोदन गराउने निर्णय सर्वसम्मतिले गरियो।

४. भरतपुर महानगरपालिकाभित्रका सार्वजनिक जग्गाहरूको डिजिटल अभिलेख तयार गरी प्रकाशन गरी ११ औं नगरसभामा पेश गर्ने निर्णय गरियो।

५. महानगरपालिकाको नियमित गर्नुपर्ने बेरूजु आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो।

६. गत आर्थिक वर्षमाउपभोक्ता समितिबाट सञ्चालित अधुरा योजनाहरुको म्याद समाप्त भएको हुँदा २०७८ माघ मसान्तसम्म थप गर्ने निर्णय गरियो।

७. धुर्मुस सुन्तली फाउण्डेशनबाट निर्माण भइरहेको गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालाको भौतिक तथा आर्थिक मूल्याङ्कनका लागि सघन शहरी विकास कार्यालय र चार्टड एकाउन्टेण्ट संस्थालाई अनुरोध गर्ने निर्णय गरियो।

८. महानगरपालिकाले भुक्तानी दिनुपर्ने वडा नं. ३ मा अवस्थित पार्किङ्गका लागि लिइएको जग्गा भाडा बापतको रकम रु. १३०००/- श्री अस्टमान श्रेष्ठ र उमादेवी श्रेष्ठलाई भुक्तानी दिने निर्णय गरियो।

९. तपसिल बमोजिम योजना संशोधन गर्ने निर्णय गरियो र आगामी नगरसभाबाट अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

Scanned with CamScanner

९. तपसिल बमोजिम योजना संशोधन गर्ने निर्णय गरियो।

| सि.नं. | हालको योजना | संशोधन गर्नु पर्ने योजना |
|---|---|---|
| क) | मा.वि तोरीखेत (चारकोठे भवन तला थप-३५०००००।-(अक्षरुपी पैतिस लाख रुपैयाँ) | मा.वि तोरिखेत चारकोठे भवन निर्माण (तला थप गर्नु पर्ने भवन नभएकोले जगैबाट नयाँ भवन निर्माण गर्नु पर्ने सिफारिस भइ आएको) |
| ख) | विद्यालय रंगरोगन (प्रति मा.वि.२ लाख प्रति आ.वि १ लाखका दरले) र जस्ता पाताको छानो भएका भवनमा फलसिलिङ, (१४६०००००।-(अक्षरुपी एक करोड छ्यालिस लाख रुपैयाँ) मध्येबाट १०८०००००।- अक्षरुपी एक करोड आठ लाख रंगरोगन,फलसिलिङ र फर्निचरका लागि बाँडफाँड भैसकेको र बाँकी ३८०००००।- अक्षरुपी अठ्तीस लाख रुपैयाँ बाँकी रहेकोमध्येबाट उल्लेखित योजना समावेश गरी बाँडफाँड गर्न।) | विद्यालय रंगरोगन (प्रति मा.वि.२ लाख प्रति आ.वि १ लाखका दरले ) र जस्ता पाताको छानो भएका भवनमा फलसिलिङ र जस्तापाता चुहिने भवनमा जस्तापाता फेर्न र विद्यालय रेलिङ निर्माण, शौचालय मर्मत, बालविकास कक्षा कोठा व्यवस्थापनका लागि , (१४६०००००।-(अक्षरुपी एक करोड छ्यालिस लाख रुपैयाँ) मध्येबाट १०८०००००।- अक्षरुपी एक करोड आठ लाख रंगरोगन,फलसिलिङ र फर्निचरका लागि बाँडफाँड भैसकेको र बाँकी ३८०००००।- अक्षरुपी अठ्तीस लाख रुपैयाँ बाँकी रहेको मध्येबाट उल्लेखित नयाँ योजना समेत थप गरी बाँडफाँड गर्न।) |

१०. कोभिड-१९ को कारण गरिबीको चपेटामा परेका विपन्न नागरिकहरूलाई नेपाल सरकारले प्रकाशन गरेको सूचना बमोजिम प्राप्त निवेदकहरूलाई अध्ययन गरी अघि बढाउने निर्णय गरियो।

११. लोकसेवा आयोगबाट सिफारिश भएर स्थानीय तहका स्थायी कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन फाराम स्वीकृत गर्ने निर्णय गरियो।

१२. भरतपुर महानगरपालिका वडा नं. ११ को प्रगति पोल सार्ने कार्यको सम्झौता भई काम सम्पन्न भएको तर भुक्तानी दिने सूचीमा समावेश नभएकोले सो बापतको रकम रु. ४२,०५२/- भुक्तानी दिने निर्णय गरियो।

१३. गैंडाको आक्रमणबाट मृत्यु भएकी राष्ट्रिय आधारभूत विद्यालय बेलहट्टाकी विद्यालय सहयोगी सम्झना दराईको परिवारलाई रु. ५०,०००/-, भ.म.न.पा. वडा नं. ८ का धनबहादुर थापा मगर सवारी दुर्घटनामा परी गम्भीर घाइते भएको र निजको आर्थिक अवस्था पनि नाजुक भएको भई निजको उपचारमा कठिनाइ परेको हुँदा निजलाई रु. ५००००/- र भरतपुर महानगरपालिका वडा नं. २८ का बाबुराम कुमाल उच्च रक्तचापको कारणबाट अशक्त भएको एवम् निजको आर्थिक अवस्था समेत कमजोर रहेको हुनाले उपचार खर्च बापत रु. १५,०००/- उपचार सहयोग दिने निर्णय गरी आगामी नगरसभाबाट समर्थन निर्णय गरियो।

Scanned with CamScanner